# स्थानीय राजपत्र


## पालुङटार नगरपालिकाद्वारा प्रकाशित

**खण्ड ७ संख्या १५ मिति २०८०/०९/२५**


पालुङटार नगरपालिकाको नगर कार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### भाग २

## कृषि सञ्जाल गठन तथा सञ्चालन कार्यविधि, २०८०

कार्यपालिकाबाट स्वीकृत मितिः २०८०।०९।२५

**प्रस्तावना :** कृषि क्षेत्रसँग सम्वद्ध विभिन्न व्यवसायिक कृषकहरु, कृषि समूह, कृषक क्लव तथा कृषि सहकारीहरु मार्फत कृषि सूचना प्रवाह तथा प्रविधि प्रचार प्रसार गर्ने र एकद्वार प्रणाली अनुसार नगरपालिकाबाट सञ्चालित कृषि कार्यक्रमहरु प्रभावकारी रुपले सञ्चालन गर्न बाञ्छनीय भएकाले पालुङटार नगरपालिका प्रशासकीय कार्यविधि (नियमति गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाले देहायको कार्यविधि बनाएको छ ।

### परिच्छेद १

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "कृषि सञ्जाल गठन तथा सञ्चालन कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :–

(क) “कार्यपालिका” भन्नाले पालुङटार नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ख) “कार्यविधि” भन्नाले कृषि सञ्जाल गठन तथा सञ्चालन कार्यविधि, २०८० सम्झनु पर्दछ ।

(ग) “कार्यालय” भन्नाले पालुङटार नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(घ) “कृषक समूह” भन्नाले वाली अनुसार विषयगत रुपमा कुनै निश्चित स्थानका कम्तिमा १५-२५ जना कृषक आबद्ध भई नगरपालिकामा दर्ता भएको कृषि समूहलाई सम्झनु पर्दछ ।

(ङ) “कृषि फर्म” भन्नाले नगरपालिकामा सूचिकृत भई सम्बन्धित वडामा क्रियाशिल कृषि फर्मलाई सम्झनु पर्दछ ।

(च) “कृषि सहकारी” भन्नाले नगरपालिकामा सूचिकृत भई सम्बन्धित वडामा क्रियाशिल कृषि सहकारीलाई सम्झनु पर्दछ ।

(छ) “नगरपालिका” भन्नाले पालुङटार नगरपालिकालाई सम्झनु पर्दछ ।

(ज) “नगर कृषि सञ्जाल” भन्नाले दफा ७ बमोजिम नगर स्तरमा गठन हुने कृषि सञ्जाललाई सम्झनु पर्दछ ।

(झ) “वडा कृषि सञ्जाल” भन्नाले दफा ४ बमोजिम वडा स्तरमा गठन हुने कृषि सञ्जाललाई सम्झनु पर्दछ ।

(ञ) “सदस्य” भन्नाले वडा तथा नगर स्तरीय कृषि सञ्जालका सदस्यलाई सम्झनु पर्दछ ।

(ट) “सरोकारवाला” भन्नाले कृषि वस्तु उत्पादन एवं बजार प्रबर्द्धन कार्यमा आवद्ध कृषक, कृषि समूह, सहकारी, कृषि सामग्री वितरक संघ संस्था, फर्म वा व्यक्तिलाई सम्झनु पर्दछ ।

(ठ) “संयोजक” भन्नाले यस कार्यविधि बमोजिम गठन हुने सञ्जालको संयोजकलाई सम्झनु पर्दछ ।

**३. उद्देश्य :** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ :-

(क) नगरपालिकामा कृषि व्यवसायलाई आधुनिकीकरण एवं विविधिकरण गरी उत्पादन र उत्पादकत्व वृद्धिको लागि सरोकारवालाहरुलाई एकजुट भई काम गर्न सघाउ पुऱ्याउने,

(ख) नगरपालिकाभित्र कृषि क्षेत्रका माग सङ्कलन गर्ने,

(ग) नगरपालिका क्षेत्रभित्र हुन सक्ने सम्भावित व्यवसायिक कृषि उत्पादन तथा आवश्यक कार्यक्रमको पहिचान गरी नगरपालिकालाई सुझाव पेश गर्ने,

(घ) नगरपालिकाबाट सञ्चालित कृषि कार्यक्रमको कार्यान्वयन गर्ने र सञ्चालित कार्यक्रमको अनुगमनको लागि सहयोग गर्ने तथा पृष्ठपोषण दिने ।

## परिच्छेद २

## वडा कृषि सञ्जाल

**४. वडा कृषि सञ्जाल गठन :** (१) नगरपालिकाको प्रत्येक वडामा एक वडा कृषि सञ्जाल गठन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने सञ्जालमा देहाय बमोजिमको पदाधिकारी रहनेछन् :-

(क) वडा भेलाबाट चुनिएका १ जना - संयोजक

(ख) वडा भेलाबाट चुनिएका १ जना - सचिव

(ग) प्रत्येक वडाको भेग, बालि, कृषि वा विभिन्न क्षेत्र समेटिने गरी एक/एक जना प्रतिनिधि सदस्य वा प्रत्येक टोलबाट १ जान - सदस्य

(३) उपदफा (२) बमोजिम गठन हुने सञ्जालका पदाधिकारीहरुको मनोनयन गर्दा सामान्यतयः समावेशि सिद्धान्तका आधारमा विषयगत कृषक समूह, कृषि फर्म, कृषि सहकारीबाट प्रत्येक वडाको भेग, बालि, कृषि वा विभिन्न क्षेत्र समेटिने गरी सिफारिस भई आएका प्रतिनिधि सदस्य वा प्रत्येक टोलबाट एक/एक जनाको प्रतिनिधित्व हुने तरिकाले गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम गठन हुने सञ्जाल सञ्चालन र व्यवस्थानमा वडामा कार्यरत कृषि तथा पशु प्राविधिक, वडा कार्यालय र कृषि विकास शाखाले सहजीकरण गर्नेछ ।

(५) उपदफा (२) बमोजिमको सञ्जालका पाधिकारीहरुले अनुसूची १ अनुसार विवरण भरी वडा कार्यालय मार्फत कृषि विकास शाखामा पेश गर्नु पर्नेछ ।

५. **वडा स्तरीय कृषि सजालको काम, कर्तव्य र अधिकार :** वडा स्तरीय कृषि सञ्जालको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) वडा स्तरमा रहेका कृषक समूह, कृषि फर्म, कृषि सहकारी तथा अन्य सरोकारवालासँग समन्वय गरी वडा स्तरमा समग्र कृषि विकासको योजना तयारी र कार्यान्वयन गर्न सहयोग गर्ने,

(ख) वडा स्तरमा समग्र कृषि परियोजनाहरु सञ्चालनमा समन्वयात्मक भूमिका निर्वाह गर्ने,

(ग) कृषि विकास कार्यक्रमको अनुगमन तथा निरीक्षण गरी पृष्ठपोषण प्रदान गर्ने,

(घ) वडा स्तरको वाली वस्तुको तथ्याङ्क एवं विवरण अद्यावधिक गर्न सहयोग गर्ने,

(ङ) नगर स्तरीय कृषि सञ्जाललाई उपयुक्त सुझाव प्रदान गर्ने,

(च) वडा स्तरमा कृषि बजार, संकलन केन्द्र, प्रशोधन केन्द, कस्टम हयारिङ्ग केन्द्र आदि स्थापना गर्न सहयोग गर्ने,

(छ) वडा स्तरमा खाद्य सुरक्षाको विश्लेषण गर्ने,

(ज) नगरपालिकाबाट तोकिएका कृषिसँग सम्बन्धित अन्य कार्य गर्ने ।

६. **छनौट समिति :** उपदफा (४) बमोजिमका सञ्जालका पदाधिकारीहरुको पदावधि समाप्ति पछि पुन वडा भेला गरी सञ्जालको पदाधिकारीहरुको चयन गर्न देहाय बमोजिमको सदस्यले सहजीकरण गर्ने गरी एक समिति रहनेछ ।

(क) वडा अध्यक्ष वा कृषि क्षेत्र हर्ने वडा जनप्रतिनिधि

(ख) वडा सचिव

(ग) कृषि प्राविधिक

(घ) आवश्यकतानुसार कृषि शाखा प्रमुख

## परिच्छेद ३

## नगर कृषि सञ्जाल

**७. नगर कृषि सञ्जाल गठन :** (१) कृषि क्षेत्रमा उपलब्ध स्रोत साधनबाट अपेक्षित उपलब्धी हासिल गरी सन्तोषजनक प्रतिफल प्राप्त गर्ने कार्यमा सहयोग पुऱ्याउन देहाय बमोजिमको एक नगर स्तरीय कृषि सञ्जाल गठन हुनेछ :-

(क) सबै वडाका कृषि सञ्जालका संयोजक वा कार्यसमिति सदस्य मध्येबाट आफूले छानेको १ जना - संयोजक

(ख) सबै वडाका कृषि सञ्जालका संयोजक - सदस्य

(ग) कृषि क्षेत्रमा विशेष योगदान पुऱ्याएकाहरु मध्येबाट वा कृषि क्षेत्रमा विज्ञता हासिल गरेका वा लामो समय कृषि पेशामा आवद्ध भई अनुभव लिएका मध्येबाट प्रमुखले मनोनयन गरेको ३ जना - सदस्य

(घ) पशु सेवा शाखा प्रमुख - सदस्य

(ङ) कृषि विकास शाखा प्रमुख - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमका सदस्यहरु मनोनयन गर्दा सामान्यतयः समावेशी सिद्धान्तको आधारमा गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम गठन भएको सञ्जालका सदयहरुले अनुसूची १ बमोजिमको विवरण भरी कृषि विकास शाखामा पेश गर्नु पर्नेछ ।

**८. नगर कृषि सञ्जालको काम, कर्तव्य र अधिकार :** नगर कृषि सञ्जालको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) नगरपालिकालाई कृषि क्षेत्रको विकासका लागि नीतिगत रुपमा सुझाव दिने,

(ख) नगरपालिकाको नीति तथा कार्यक्रम अनुसारको कृषि विकास क्रियाकलापमा सहकार्य गर्ने,

(ग) वडा स्तरीय कृषि सञ्जालबाट संकलन भएका माग/प्रस्तावहरुको विश्लेषण गरी महत्वपूर्ण कार्यको प्राथमिकता तोकी नगरपालिकामा आवश्यक सहयोगका लागि सिफारिस गर्ने,

(घ) नगरपालिकाको कृषि कार्यक्रम छनौटमा सहयोग गर्ने,

(ङ) नगरपालिकाबाट तोकिएका कृषिसँग सम्बन्धित कार्यहरु जिम्मेवारी पूर्वक सम्पन्न गर्ने,

(च) नगरपालिकाबाट सञ्चालित कृषि कार्यक्रमको अनुगमन/निरीक्षण गर्ने,

(छ) नगर भित्र कृषि विकास तथा प्रबर्द्धनको लागि आवश्यक पर्ने कार्यक्रमको लागि सम्बन्धित निकायहरुसँग समन्वय गर्ने,

(ज) वडा स्तरबाट प्राप्त सूचना तथा तथ्याङ्कको आधारमा नगरको खाद्य सुरक्षा अवस्था विश्लेषणमा सहयोग गर्ने ।

**९. सञ्जालको बैठक सम्बन्धी कार्यविधि :** (१) सञ्जालको बैठक बर्षमा कम्तीमा ३ पटक बस्नेछ ।

(२) बैठक सम्बन्धी अन्य कार्यविधि सञ्जालले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद ४

## सञ्जालका पदाधिकारीको योग्यता र पदावधि

**१०. योग्यता :** दफा (४) र (७) बमोजिम गठन हुने सञ्जालमा देहायका व्यक्तिहरु सञ्जालको सदस्य हुन योग्य हुनेछन् :-

(क) १८ वर्ष उमेर पुरा भएका नेपाली नागरिक,

(ख) स्वयंसेवाको भावना भई निस्वार्थ सेवा गर्ने इच्छा भएको,

(ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोग नलागेको,

(घ) नगरपालिका वा नगरपालिकाभित्र रहेका सार्वजनिक निकायलाई तिर्नु पर्ने कुनै महशुल वा अन्य रकम बाँकी नरहेको,

(ङ) कुनै पनि सरकारी निकायमा कार्यरत नभएको वा राजनीतिक दलको प्रमुख पदमा नभएको,

(च) वडाभित्र रहेका कृषि र खेती योग्य जमिनको जानकार भएको ।

**११. पदावधि :** (१) दफा (४) र (७) बमोजिम गठन हुने सञ्जालका पदाधिकारीहरुको पदावधि २ वर्षको रहनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मनोनित पदाधिकारीहरुले आफ्नो पदिय जिम्मेवारी पुरा नगरेमा वा नगरपालिकालाई अहित हुने कुनै कार्य गरेमा नगरपालिकाले निर्णय गरी जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

**१२. पदावधि रिक्त हुने :** देहाय बमोजिमको अवस्थामा मनोनित सदस्यहरुको पद रिक्त हुनेछ :-

(क) मृत्यु भएमा,

(ख) राजीनामा दिएमा,

(ग) बिना सूचना लगातार तीन पटक समितिको बैठकमा अनुपस्थित भएमा,

(घ) फौजदारी अभियोगमा प्रमाणित भएमा,

(ङ) नगरपालिकालाई अहित हुने काम गरेको प्रमाणित भई समितिले निजलाई वर्खास्त गरेमा ।

## परिच्छेद ५

## विविध

**१३. संरक्षक सम्बन्धी व्यवस्था :** वडा सञ्जालको संरक्षक वडाध्यक्ष र नगर सञ्जालको संरक्षक नगर प्रमुख रहनेछन् ।

**१४. वार्षिक प्रतिवेदन :** (१) वडा सञ्जालले आफूले वर्ष भरी सम्पादन गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन सम्बन्धित वडा कार्यालयमा र सम्बन्धित नगर सञ्जालका पदाधिकारीहरुले उक्त प्रतिवेदन नगर सञ्जालमा पेश गर्नु पर्नेछ ।

(२) नगर कृषि सञ्जालले आफूले सम्पादन गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन कृषि विकास शाखामा पेश गर्नु पर्नेछ ।

(३) दफा (२) बमोजिम पेश भएको प्रतिवेदन शाखाले कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

**१५. अभिलेख राख्नु पर्ने :** कृषि सञ्जालबाट सम्पादन गरिने काम कारबाहीको अभिलेख राख्ने प्रमुख जिम्मेवारी कृषि बिकास शाखाको रहनेछ ।

**१६. सञ्जालको विघटन** : यस कार्यविधिमा उल्लिखित उद्देश्य बमोजिम काम गर्न नसक्ने वडा कृषि सञ्जाललाई सम्बन्धित वडाको वडा समितिले र नगर कृषि सञ्जाललाई कार्यपालिकाले विघटन गर्न सक्नेछ र सो को जानकारी (वडा कृषि सञ्जालको हकमा) सम्बन्धित शाखालाई गराउनु पर्नेछ ।

**१७. व्याख्या, संशोधन र खारेजी :** यस कार्यविधिको व्याख्या, संशोधन तथा खारेजी गर्ने सम्पूर्ण अधिकार नगर कार्यपालिकामा निहित रहने छ ।

**१८. प्रचलित कानून बमोजिम हुने :** यस कार्यविधिमा लेखिएको हकमा सम्पूर्ण कुरा यसै कार्यविधि बमोजिम र यस कार्यविधिमा नलेखिएको विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

## अनुसूची १

## (दफा (४) को उपदफा (५) र दफा (७) को उपदफा (३) सँग सम्वन्धित)

## वडा/नगर कृषि सञ्जाल सदस्यले भर्नु पर्ने व्यक्तिगत विवरण

नाम :

उमेर :

ठेगाना :

संस्थागत सदस्य भए संस्थाको नाम :

संस्थाको ठेगाना :

तलका विवरण उल्लेख गर्नु होस् :

१. पारिश्रमीक नहुने यस सञ्जालमा निस्वार्थ स्वयंसेवाको भावनाले सञ्जालमा बसी सेवा गर्ने इच्छा ?

छ                    छैन

२. हाल सम्म कुनै फौजदारी अभियोग लागेको ?

छ                    छैन

३. हाल खेती गर्दै आएको ?

(क) कुल जग्गाको क्षेत्रफल :

(ख) कृषि उत्पादन :

(ग) पशुपंक्षी पालन :

(घ) वार्षिक लगानी रु :

(ङ) कुल आम्दानी रु :

४. वडाभित्र रहेका कृषि, खेती योग्य जमिन र पशुपंक्षी पालनको बारेमा कत्तिको जानकार हुनुहुन्छ ?

क. राम्ररी थाहा छ    ख. अलि अलि थाहा छ    ग. जानकारी छैन

५. तपाइले नगरपालिकाभित्र रहेका कुनै सार्वजनिक निकाय वा नगरपालिकालाई तिर्नु पर्ने दस्तुर, रकम वा महशुल बाँकी छ, छैन ?

कृषि व्यवसायको विवरण :

| सि.नं | व्यवसायको नाम | हालको अवस्था क्षेत्रफल, संख्या, साइज खुलाउने | बार्षिक लगानी रु | बार्षिक आम्दानी रु | सहयोगी संस्था | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

| सि.नं | खेत | पाखो | भाडामा लिएको जग्गा | जम्मा जग्गा | सिंचित जग्गा | असिंचित जग्गा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

आज्ञाले,
गौतम भण्डारी
प्रमुख प्रशासकीय अधिकृत